# SAMPLE PAPER 1
# 2019-20
# MARKING SCHEME NEPALI

नेपाली

कोर्ड : 124

समय : 3 घण्टा          कक्षा – बाह्रौं          अधिक्तम अंक – 80

## खण्ड क (व्याकरण)

1 क अ, इ, उ, ऋ अनि यिनीका मात्रा जोड़ीएका व्यञ्जन वर्णलाई ........ भनिन्छ । 1

– ह्रस्व ।

ख 'कमल झैं कोमल मुख' । यहाँ कुन–कुन शब्द उपमेय र उपमान हुन् ? 1

– उपमेय – मुख

उपमान– कमल

ग अलंकार भनेको साहित्यको के हो ? 1

– गहना/आभुषण

घ अतिशयोक्ति अलंकारको एउटा उदाहरण लेख्नुहोस् । 2

–चन्द्रामालाई चन्द्रमा हेर्छिन कौशी र आकाश ।
स्वर्गकी अटरली हाँस्दछिन् यौटी यौटी छन् उदास ।।

ङ शिखरिणी **वा** तोटक छन्दको उदाहरण सहित गण संकेत चिन्ह लेख्नुहोस् । 3

– **उदाहरण**

**तोटक छन्द**

अति सुन्दर मानव जीवन यो,
अझ सुन्दर पार्नु कसोगरि हो।
गरि काव्य–सुधा रस–पान अरे,
गर मानव जीवन सार्थक रे ।।

**गण संकेत** – । । ऽ  । । ऽ  । । ऽ  । । ऽ
स  स  स  स

यसरी नै शिखरिणी छन्दको उदाहरण लेखेर गण संकेत लेख्दा पनि हुन्छ ।

## खण्ड ख ( लेखाइ एवं रचना कौशल )

2 **कुनै एक** बिषयमा लगभग 150 शब्दहरूको चाखलाग्दो निबन्ध लेख्नुहोस्।

क) स्वच्छ भारत अभियान ।

ख) निःशुल्क प्राथमिक शिक्षा : मौलिक अधिकार।

घ) बालश्रम । 5

– भूमिका – 1

विषयवस्तु – 3

उपसंहार/ शब्द सीमा – 1

3 आफ्नो आधार कार्ड र जन्म प्रमाण पत्र हराएकोले छेवैको प्रहरी चौकीका प्रभारीलाई हराएको प्राथमिकी सुचना दर्ता गराउँदै एउटा निवेदन पत्र लेख्नुहोस् । 5

– सम्बोधन एवं तारीक – 1

विषय – 1

पत्रको मुख्य भाग – 2

पत्रको अन्त वा शेष गराइ – 1

## खण्ड घ ( साहित्य )

4 क ''त्यो सम्झनू जुन यथार्थ छ, त्यो गर्नू जुन आदर्श छ ।''

अ) उक्त गद्यांशको पाठ र लेखकको नाम लेख्नुहोस् । 1
–रूपको मूल्य , लेखक – बालकृष्ण सम।
आ) उक्त गद्यांश कसले कसलाई कुन सन्दर्भमा भनेको हो ?
–एक सज्जनले रानुलाई 'अब हामीले के सम्झने ? के गनेंग त ?' भन्ने प्रश्नको उत्तर दिने सन्दर्भमा भनेको हो । 2
इ)यहाँ के भन्न खोजिएको छ ?
– यहाँ सत्य वा हुन सक्ने कुरा मात्र सम्झनु अनि सबैले मान्ने आदर्श कुरा मात्र गर्नु । 2

ख 'कुखुरी .....SSS ..... काँ भाले बास्यो ' कथामा आमालाई अबोध बालकले सोधेका प्रश्नहरूको उत्तर दिन किन धेरै सोच्नु पर्थ्यो ? 2

– नानी अबोध थियो, उसको कलिलो दिमागले समाजको व्यवस्था बुझ्न सकेको थिएन, उसका हरेक जिज्ञासालाई आमाले नानीकै स्तरमा उत्तर दिएर उसलाई सन्तुष्ट पार्नुपर्ने हुनाले आमालाई धेरै सोच्नु परेको थियो।

ग कसको कुन वाक्यले रनेको कचमचिएको आशा झन् रमरमिएर उठ्यो ?
–...... ''पौलाईलाई अघि लगाइहालें ...........................म छुट्टिएर आएकी ।''

**अथवा**

' माछाको मोल ' कथाद्वारा लेखक मानिसको कस्तो मनोभाव प्रष्ट पार्न चाहेका छन् ? पाठको उदाहरण दिएर खुलस्त पार्नुहोस् । 3
– मानिसले आफ्नो सपना पूरा गर्न संघर्ष गर्दा–गर्दै कुन दिन मृत्युको मुखमा पुगिन्छ थाहा हुँदैन । ' माछाको मोल ' कथामा पनि रनेलाई घर बनाउने, विवाह गर्ने र सन्तान जन्माउने सपना पूरा गर्ने होड़मा गोब्रे दहमा आफुले मारेको माछा बचाउने प्रयासमा भेलले मृत्युको मुखमा पुऱ्याएको थाहा पाएन ।

5 क लक्ष्मीप्रसाद देवकोटाले किन 'यही अंग्रेजीमा नून छ, यही केटाकेटीका मुखमा पापा– चीची छ ' भनेका हुन् ? 3

–................. अंग्रेजीमा जीवनयापनको माध्यम छ । अंग्रेजी नजाने हामी भोकै हुन्छौं ........।

ख बिपनामा असम्भव मानिने कुरा सपनामा सम्भव हुने रहेछ भन्दै लेखकले दिएको

नारदको दृष्टान्त लेख्नुहोस् । 3

– ........सपनामा नारद स्त्री भएका, विवाह भएको, नानी भएको .........।

ग डा0 फ्लक्स किन टाइम मसिन बनाउन चाहन्थे ? यस कार्यबाट के समस्य खड़ा भयो ? 2+2=4

– ......... डा0 फ्लक्स पाँचसय वर्ष पछि हुने कुराहरू जान्न चाहन्थे .....। यस कार्यबाट यो समस्य खड़ा भयो कि मस्तिष्क प्रत्यारोपन गर्दा डा0 फ्लक्सको मस्तिष्कले डा0 फिल्डको मस्तिष्कलाई छोपिदिएकोले डा0 फिल्ड आफ्नो स्मरण शक्ति गुमाए र टाइम मसिनको काममा लागेको फ्लक्सको स्मरण शक्तिले जित्यो र डा0 फिल्डले डा0 फ्लक्सकी स्वास्नी र छोरा छोरीलाई आफ्नो सम्झे।

6 क वसन्त र शिशिर ऋतुमा के अन्तर छ ? 5

–विद्यार्थीले बुझे अनुसार वसन्त र शिशिर ऋतुका दिनहरूमा के अन्तर छ 70/80 शब्दमा लेख्नुपर्छ ।

ख सप्रसँग व्याख्या गर्नुहोस् –: 5

झुकेको छ सबै ....................यस्तै हुन्छ जहाँ पनि ।।

– परिचय – ऋतुविचार खण्डकाव्यको वसन्त विचारबाट उद्धृत। (½)

रचयिता कवि शिरोमणि लेखनाथ पौड्याल। (½)

प्रसंग – (2)

व्याख्या – (2)

7 क बन्दिनी नाटकमा नाटककारले कस्तो समाजको वर्णन गरेका छन् ? 3

– ....... पढ़ेका एवं उच्च पदमा काम गर्ने व्यक्तिहरूले नै भाषा– साहित्यको विकासमा ध्यान नदिएर भौतिक सम्पति कमाउन व्यास्त रहेको समाजको वर्णन गरेका छन् ......।

ख रामकृष्ण शर्माले किन नाटकको सफलता र असफलताको लेखाजोखा नाटक मञ्चनपछि मात्र हुन्छ भनेको हुन् ?

–...... कारण मञ्चन गरेर मात्र साधारण दर्शकले नाटकको मूल भाव बुझ्न सक्छन् .......। 3

**अथवा**

' नाटक ' शब्दको उत्पति कसरी भएको हो ?

–...... 'नट्' धातु शब्दमा कतृकरणे ( **गर्नेवालाको**) 'क' जोड़िएर ' नाटक ' शब्दको उत्पति भएको हो .........।

ग दान र योगदान भन्नाले के बुझिन्छ 'दान–योगदान' एकांकीका आधारमा बुझाउनुहोस् । 4

– दान भन्नाले कुनै कार्यको सफलताका लागि दिएको आर्थिक सहयोग अनि योगदान भन्नाले कुनै कार्यको सफलताका लागि दिएको शारीरिक सहयोग...... यस एकांकीमा पनि सिन्हा बाबुको 10 रूपियाँको दान र पद्‌माले 'दान र योगदान' नाटकको मूल पात्राको रूपमा अभिनय गरेर दिउको योगदान ....... ।

8 क उपन्यासको कुन मोड़मा पुगेर मालिनीलाई जसेको याद आयो ? 2
– मालिनीले बढ़ा साहबकको कुदृष्टि चाल पाएर कमान छोड़ने उपाय सोच्दा ...... ........... |

ख मालिनीले राघे बिरालोको पञ्जाबाट पुतली भागेको दृष्यले के गर्ने हिम्मत पाई ? 3
– राघे बिरालोको पञ्जाबाट पुतली भागेको दृष्यले मालिनीलाई पनि बढ़ा साहबकरूपि बिरालादेखि बाँच्न कमान छोड़ने त्यागेर जानैपर्ने हिम्मत पाई ....... ।

ग जसेले हट्टा बाहिर हुने सजाय पाउनु कतिसम्म ठीक थियो वा थिएन आफ्नो मन्तब्य लेख्नुहोस् । 5
– (कुनै एक पक्ष वा विरोधमा आफ्नो मन्तब्य लेखेर समर्थनका लागि केही बुँदा लेख्नु पर्छ )

9 क तल दिइएका कुन–कुन कृतिहरू लेखनाथ पौड्याल र रामकृष्ण शर्माका हुन छुट्ट्याएर लेख्नुहोस् ।
**ऋतु विचार, दश गोर्खा, तरूण तपसी, बलिदान, भावालु मुरो मन, गंगा–गौरी** । 3

– लेखनाथ पौड्याल – **ऋतु विचार, तरूण तपसी, गंगा–गौरी** ।
रामकृष्ण शर्मा– **दश गोर्खा, बलिदान, भावालु मुरो मन।**

ख 'पिंजराको सुगा' कसको रचना हो ? यस कवितामा नेपालको शासनको इतिहासमा के महत्व लुकेको छ ? 1+3=4
– कविशिरोमणि लेखनाथ पौड्याल । राणाहरूको एकतान्त्रिक शासनको खुल्ला विरोध गरेको छ ।

10 क नेपाली भाषाको पहिलो र दोस्रो कृतिको नाम लेख्नुहोस् । 1
– खण्डखाद्य । बाजपरीक्षा ।

ख नेपाली भाषामा कपिएको पहिलो लेखोट कुन राजाको पालामा कहिले लखिएको थियो । 1
– अशोकचल्ल ।

ग नेपाली भाषा कुन परिवारमा पर्छ ? 1
– भारोपेली

घ तीन घुम्ती र लगन उपन्यासका लेखक को–को हुन ? 2
– तीन घुम्ती – विश्वेश्वरप्रसाद कोइराला र लगन – अच्छा राई 'रसिक' ।